नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २४३

मितिः- २०८१/०३/०४

ने.सं. ११४४ तछलाथ्व १२

विषयः- साझा सहकारी संस्थाको सम्पत्ति संरक्षण तथा व्यवस्थापन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १०६१, मिति २०८१/०२/३० को पत्रमार्फत साझा सहकारी संस्थाको सम्पत्ति संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारको अधिकांश स्वामित्व रहेका साझा सहकारी संस्थाहरुको नाममा रहेका घर जग्गा लगायत अचल सम्पत्तिको अभिलेख राख्ने तथा हिनामिना नहुने व्यवस्थाका लागि स्थानीय तहमा समन्वय हुन लेखिआएको छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही बमोजिम हुन आदेशानुसार अनुरोध छ ।

३/४

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनुहुन ।

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघसंस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

दर्ता १६४१ ३।४

पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. १०३१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८०११
दर्ता मितिः- ३।२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः- वि.सं. २०८१/२/३०
ने.स. ११४४/तछलाथ्व/६ बुधबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ ।

**विषयः साझा सहकारी संस्थाको सम्पत्ती संरक्षण तथा व्यवस्थापन सम्वन्धमा ।**

प्रस्तुत विषयमा सहकारी ऐन २०७४, को दफा १३५ मा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तह वा राष्ट्रिय सहकारी विकास वोर्डको स्वामित्व वा नियन्त्रणमा रहेको नेपाल सरकारको एकाउन्न प्रतिशत शेयर स्वामित्व भएको साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा, साझा भण्डार, साझा सेवाजस्ता संस्थाको घर जग्गा र त्यस्तै अन्य अचल सम्पत्ती नेपाल सरकारको स्वीकृति विना बेचबिखन गर्न, धितो राख्न र पाँच वर्ष वा सो भन्दा वढी अवधिको लागि दिन नपाइने व्यवस्था गरेको व्यहोरा विदितै छ।

यस सम्वन्धमा साविक सहकारी ऐन, २०४८ जारी भएपछि यस अघिका सवै साझा संस्थाहरु सहकारी संस्थामा रुपान्तरण भएको र हाल अधिकांश सहकारी संस्थाहरुको नियमन सम्वन्धी कार्य जिम्मेवारी प्रदेश र स्थानीय तहमा रहेकोले नेपाल सरकारको अधिकांश स्वामित्व रहेका त्यस्ता साझा सहकारी संस्थाहरुको नाममा रहेका घर जग्गा लगायतका अचल सम्पत्तीहरुको अभिलेख दुरुस्त राखी हिनामिना नहुने व्यवस्था मिलाई त्यस्तो सम्पत्तीको विवरण सवै स्थानीय तहहरुवाट माग गर्न तहाँ मन्त्रालय मार्फत सवै स्थानीय तहहरुमा समन्वय र सहजीकरणको लागि पठाइएको व्यहोरा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/२/२९ को निर्णयानुसार अनुरोध छ ।

स्थानीय तह समन्वय शाखा,
पत्राचार गर्नु ।
३।४

रघुनाथ महत
उपसचिव